# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७८/०७९

## प्रस्तावना-पत्र पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०८/१३)*

मरिण गाउँपालिकाको लागि प्राप्त आ.व. २०७८/०७९ को शिक्षा तर्फको वार्षिक स्वीकृत सङ्घीय सशर्त कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरुमा तपसिलका कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक विगत आ.व. मा सङ्घ/प्रदेश/गाउँपालिकाबाट यस किसिमको कार्यक्रम प्राप्त नगरेका यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुले मिति २०७८/०९/१३ गते भित्र उल्लेखित कागजात सहित प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ ।

तपसिल

| क्र. सं. | कार्यक्रम | परिमाण (वटा) | इकाइ लागत (रु.) | जम्मा (रु.) | प्रस्तावना पेश गर्न योग्य विद्यालय |
|---|---|---|---|---|---|
| १ | तोकिएको सूचानका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान (Performance based grants) | ८ | ५०००० | ४००००० | सबै सामुदायिक विद्यालयहरु |
| २ | शिक्षकको शिक्षण सिकाईमा बिताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान | ४८ | २००० | ९६००० | सबै सामुदायिक विद्यालयहरु |
| ३ | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ, किताव खरिद, तथा इ-पुस्तकालय समेत) | १ | ६५०००० | ६५०००० | माध्यमिक विद्यालयहरु (कोटा रिक्त भएमा १-८ सञ्चालित अनुमतिको आधारमा जेष्ठता र उच्च विद्यार्थी सङ्ख्या रहेका विद्यालयहरु) |
| ४ | शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट कनेक्टिभिटि इक्विपमेन्ट्स तथा Kits खरिद) का लागि अनुदान | १ | ६५०००० | ६५०००० | |
| ५ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६५०००० | ६५०००० | |

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | नमूना विद्यालयमा सेवा अनुबन्धनका आधारमा नियुक्ति हुने प्र.अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान | १ | २००००० | २००००० | तोकिएका नमूना विद्यालय |
| ७ | नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयन अनुदान | १ | ३०००००० | ३०००००० | तोकिएका नमूना विद्यालय |

**प्रस्तावनाका साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण/अद्यावधिक गरेको, गत आ.व.को सामाजिक परीक्षण सम्पन्न गरेको, विद्यालयको EMIS अपलोड गरेको र भौतिक पूर्वधार (कोठा तथा फर्निचर, विद्युत, शिक्षकको तत्परता आदि) भएको व्यहोरा खुलाइ विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पेश गर्नु पर्नेछ तर शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदानको लागि भने वि.व्य.स. को निर्णय सहितको पत्र पेश गर्नु पर्नेछ ।

२. उल्लेखित कार्यक्रम सञ्चालनका सम्बन्धमा थप स्पष्टता आवश्यक परेमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website : www.cehrd.gov.np मा उपलब्ध रहेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ हेर्न सकिनेछ ।

२०७८।०८।१३

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत